**Prithvi Journal of Research and Innovation**
[A Peer-Reviewed, Open Access Multidisciplinary Bilingual Journal; Indexed in NepJOL]
ISSN 2705-4888 [Print]; ISSN 2705-4896 [Online]; JPPS Star-Rated Journal
Volume 5; 15 December 2023; pp. 114-123
eJournal Site: http://ejournals.pncampus.edu.np/ejournals/pjri/

# स्नातक तहका विद्यार्थीको पाठ्यक्रम तथा मूल्याङ्कन प्रणालीप्रतिको अभिवृत्ति [Bachelor Level Students' Attitudes towards Curriculum and Assessment System]

**रेशमबहादुर सुवेदी [Resham Bahadur Subedi]**
शिक्षा विभाग, (पाठयक्रम तथा मुल्याङकन विषय) पृथ्वीनारायण क्याम्पस, पोखरा
[Deparment of Education, Prithvi Narayan Campus, Pokhara, Nepal]
ORCID: https://orcid.org/0009-0008-3104-6446

**Article History:**
*Submitted 10 October 2023*
*Reviewed 24 November 2023*
*Revised 03 December 2023*
*Accepted 07 December 2023*

**Corresponding Author:**
*Resham Bahadur Subedi*
*Email: rbsubedi@pncampus.edu.np*

**Article DOI**:
*https://doi.org/10,3126/pjri.v5i1.60698*

**Copyright Information:**
*Copyright 2023 © Authors of this journal; With authors' permission, the copyright is transferred to the publisher for the first edition only. This work is licensed under a Creative Commons Attribution-NonCommercial 4.0 International License.*

**Publisher:**
*Centre for Research and Innovation*
*Prithvi Narayan Campus*
*Tribhuvan University, Pokhara, Nepal*
*[Accredited by UGC, Nepal]*

*Tel.: +977-61-576837*
*Email: research@pncampus.edu.np*
*URL: www.pncampus.edu.np*

**सार [ABSTRACT]**
प्रस्तुत लेख स्नातक तहका विद्यार्थीको पाठ्यक्रम तथा मूल्याङ्कन विषय प्रतिको अभिबृत्ति पत्ता लगाउने उद्देश्यले तयार गरीएको हो । यस लेखमा बहुसत्यमा आधारित मिश्रित ढाँचाको प्रयोग गरीएको छ । यहा त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस पोखरामा अध्ययनरत स्नातक तह शिक्षाशास्त्र संकायका तेस्रो वर्ष शैक्षिक सत्र २०७८-२०७९ का कक्षामा उपस्थित सम्पूर्ण ५४ जना विद्यार्थीलाई नमुनाको रूपमा छनोट गरीएको छ । छनोटमा परेका विद्यार्थीसँग बन्द प्रश्नावलीबाट सङ्कलन गरीएका सूचनालाई लिकर्ट विधिको प्रयोगगरी औसत गणना र स्तरीय भिन्नता गणना गरी परिमाणात्मक तथ्याङ्कको आधारमा विश्लेषण गरीएको छ । परिमाणात्मक तथ्याङकगणनामा कम्प्यूटरमा माइक्रोसफट एक्सलको प्रयोग भएको छ । अनुसन्धान क्षेत्रबाट प्राप्त सूचनालाई प्राप्ति र छलफलमा उद्देश्यअनुसार एकाइगत मुख्य शीर्षक पाठ्यक्रमको अवधारणा, पाठकम विकासमा प्रभाव पार्ने स्रोतहरू, माध्यमिक स्कुल तहको नेपालको पाठयक्रम, स्थानीय पाठयक्रम, मापन र आँकलन, असल परीक्षणका विशेषताहरू, शिक्षक निर्मित परीक्षण, प्रश्नको आवद्धता, परीक्षा संचालन अङ्कन र विश्लेषण, परीक्षणबाहेकका मूल्याङ्कनका अन्य साधनहरू, विद्यालय तहको वर्तमान मूल्याङ्कन पद्धतिमा विश्लेषण गरीएको छ । प्राप्त सूचनालाई औसत अभिवृत्तिको आधारमा विश्लेषण गर्दा सबै एकाइमा अभिवृत्ति सकरात्मक र स्तरीय भिन्नतामा समानता देखिन्छ । पाठ्यक्रम तथा मूल्याङ्कनको विषयवस्तुप्रतिको अभिवृत्ति सकारात्मक छ भने अभिवृत्तिमा समानता रहेको छ । अभिवृत्ति सगै विद्यार्थीका सिकाइ क्रियाकलापमा सहभागिता, विद्यार्थीको नतिजा, क्याम्पसमा उपस्थिति बारेमा थप अनुसन्धान गर्नुपर्ने निष्कर्ष यस लेखमा निकालिएको छ । [This

paper aims to explore the Bachelor Level students' attitudes towards curriculum and assessment system of the university. The study has adopted mixed research design to address the issues under study. The study has sampled 54 Bachelor Level Third Year students who studied at the Faculty of Education, Tribhuvan University Prithvi Narayan Campus, Pokhara during the academic year 2078-79 BS. The data were collected from the sampled population through the closed questionnaires, using mean calculation and standard deviation for qualitative analysis. The variables such as the basic concept of curriculum, factors that affect the curriculum development, teacher-oreinted secondary level curriculum of Nepal, local curriculum, measurement and calculation, features of good evaluation, teacher-oriented assessment, relevance of questions, examination and evaluation, other criteria of assessment, and secondary level assessment system were analyzed for discussion. An analysis based on the mean attitudes, the findings of the study showed that all variables were found to be consistent and based on the standard deviation they were found to be similar. The study demonstrated that students have the positive attitudes towards curriculum and assessment of students' performance. Finally, the study concluded that despite the students' positive attitudes towards curriculum and assessment system, the students' participation in learning activities, students' results, and the responsibility of the campus are expected to be explored through further research.]

**शब्दकुञ्जी** : पाठ्यक्रम, मूल्याङ्कन प्रणाली, सिकाइ क्रियाकलाप, अभिवृत्ति

[**KEYWORD**: Curriculum, assessment system, learning activities, attitude]

**परिचय**

पाठ्यक्रम शिक्षाको आधार हो । शिक्षा पाठ्यक्रमबाट निर्देशित हुन्छ । पाठयक्रम शैक्षिक उद्देश्य पूरा गर्नका लागि विद्यालयभित्र वा बाहिर गरीएको सम्पूर्ण क्रियाकलाप हो इसिसिएस, (सन्, २०१५) । पाठयक्रम के पढाउने, कसरी पढाउने भनेर व्यवस्थित रूपमा निर्माण गरीएको विषयवस्तु र विद्यालयको योजनाको प्रतिबिम्ब हो । लियोन (सन्, २०१०) का अनुसार प्रयोगात्मक धारणाअनुसार पाठ्यक्रमलाई उद्देश्य प्राप्तिका लागि निर्माण गरीएको योजनाको नक्साका रूपमा लिने गरीन्छ । पाठ्यक्रमलाई शैक्षिक उद्देश्य प्राप्तिको लागि निर्माण गरीएको विस्तृत योजना मानिन्छ ।

राष्ट्रिय शिक्षा पद्धति योजना २०२८, ले शिक्षाका लक्ष्यहरू प्राप्त गर्नका लागि तयार गरीएको शैक्षिक क्रियाकलापका कार्यक्रमलाई पाठयक्रमको रूपमा परिभाषित गरेको छ । राष्ट्रिय शिक्षा आयोग (२०४९) का अनुसार पाठयक्रम शैक्षणिक कार्यक्रमको एक व्यवस्थित सङ्गठन हो जसका माध्यमबाट राष्ट्रिय र तहगत उद्देश्यहरू प्राप्त गर्न प्रयत्न गरीन्छ । ग्लोबल (सन् २०१५) का अनुसार पाठयक्रममा विषयवस्तु, सिकारुका आवश्यकता र सिकाइ क्रियाकलापहरू उल्लेख गरीएको हुन्छ । यसरी हेर्दा पाठयक्रम भनेको विद्यार्थीमा अपेक्षा गरीएको व्यवहार एवं उपलब्धि हुन् । तिनै उद्देश्य प्राप्त गर्नका लागि गरीएको सङ्गठनलाई पाठयक्रमको रूपमा लिएको पाइन्छ ।

सिकारु र विषयवस्तुको सम्बन्ध सिकारुमा अपेक्षा गरीएको व्यावहारिक परिवर्तनलाई पाठयक्रमको उद्देश्यको रूपमा लिन सकिन्छ । यिनै उद्देश्य प्राप्तिका लागि विषयवस्तुको छनोट एवं सङ्गठन गरीएको हुन्छ । विषयवस्तुको छनोट र सङ्गठन गर्दा विद्यार्थीको रुचि, क्षमता, उमेर, इच्छा, पूर्वअनुभव, सन्तुष्टि, आदिलाई आधार बनाउनुपर्छ । विषयवस्तुप्रतिको विद्यार्थीको अभिवृत्तिले पाठयक्रमले राखेको उद्देश्य प्राप्तिमा महत्वपूर्ण भूमिका खेल्छ ।

अभिवृत्ति व्यक्तिमा निहित मनोवैज्ञानिक गुण हो । यो व्यक्तिको यस्तो दृष्टिकोण हो । व्यक्तिले कुनै वस्तु, परिस्थिति, संस्था वा विषयप्रति विशिष्ट प्रकारको व्यवहार गर्दछ । अभिवृत्ति व्यक्तिको कुनै विषयप्रतिको सोचाइ एवं चिन्तनलाई मानिन्छ । व्यक्तिले आफ्नो अभिवृत्तिको आधारमा विषयवस्तु घटनाप्रति आफ्नो धारणा व्यक्त गर्दछ । जे.सी. नुनाली (सन् १९७०) का अनुसार अभिवृत्ति भन्नाले कुनै सामाजिक विषय, भौतिक वस्तु, मानिसहरूको समूह, व्यक्ति, सामाजिक संस्थाहरू, सरकारी नीतिप्रतिको

व्यक्तिको विचार अथवा सोचाइ हो । यसरी अभिवृत्ति व्यक्तिको कुनै विषयप्रतिको सोचाइ एवं चिन्तनलाई मानिन्छ । व्यक्तिले आफ्नो अभिवृत्तिको आधारमा विषयवस्तु वा घटनाप्रति आफ्नो धारणा व्यक्त गर्दछ । थस्टन (सन् १९२९) का अनुसार कुनै विशिष्ट विषयवस्तुप्रति व्यक्तिको प्रवृत्ति पूर्वाग्रह वा पूर्व निर्धारित विचार हो । अभिवृत्ति व्यक्तिको प्रतिक्रिया गर्ने प्रवृत्ति हो । यसलाई व्यक्तिको प्रवृत्तिको वा आचारणका रूपमा पनि लिने गरीन्छ । अभिवृत्तिलाई श्रेणीका रूपमा पनि हेर्न सकिन्छ । अभिवृत्ति सकारात्मक, शून्य, नकारात्मक, अतिनकारात्मक विभिन्न तहमा श्रेणीगत गर्न सकिन्छ । ग्रेगोरी (सन् २००५) का अनुसार अभिवृत्ति कुनै वस्तु, व्यक्ति, संस्था वा अवस्थाप्रतिको सकारात्मक वा नकारात्मक प्रस्तुति हो । व्यक्तिको अभिवृत्तिमा सामाजिक मूल्य, मान्यता, परम्परा, धर्म, संस्कृति, साथीभाइ तथा सम्पूर्ण वातावरणको प्रभाव पर्दछ ।

## अध्ययन विधि र प्रक्रिया

यो अध्ययन वहुसत्यमा आधारित हुनाले यसमा मिश्रित ढाँचा (गुण मात्रात्मक ढाँचा) को प्रयोग गरीएको छ । अध्ययनमा पृथ्वीनारायण क्याम्पस स्नातक तह तेस्रो वर्षका सम्पूर्ण विद्यार्थीलाई जनसख्याको रूपमा लिइएको छ । शिक्षा शास्त्र सङ्काय तेस्रो वर्षका ५४ (बन्द प्रश्नावलीको लागि ५० जना र खुलाको लागि ४ जना) विद्यार्थीलाई सुविधाजनक विधिको प्रयोग गरी क्याम्पसमा उपस्थित भएका विद्यार्थीलाई छनोट गरीएको छ । विषय शिक्षकमार्फत विद्यार्थीसँग भेट गरी विद्यार्थीलाई अनुसन्धानका बारेमा जानकारी दिई उत्प्रेरित गर्ने कार्य गरेर प्रश्नावलीको बारेमा विस्तृत जानकारी दिने काम लिने कार्य गरीएको थियो ।

विद्यार्थीको विषयवस्तुप्रतिको अभिवृत्तिलाई लिकर्ट स्केलको प्रयोग गरी प्राप्त सूचनालाई तथ्याङ्कशास्त्रीय विधिको आधारमा विश्लेषण गरीएको छ । लिकर्ट स्केल (बन्द प्रश्नावली)मा ५२ बन्द प्रश्नावली (३१ सकारात्मक र २१ नकारात्मक उत्तर आउने) र ४ वटा खुल्ला प्रश्नावलीको उपयोग गरीएको छ । लिकर्ट स्केलमा पूर्ण सहमत ५, सहमत ४, मध्यम ३, असमहमत २, र पूर्ण असहमतलाई १ अङ्क प्रदान गरीएको छ । औसतको आधारमा अभिवृत्ति पत्ता लगाइएको छ भने स्तरीय भिन्नता औसतको आधारमा गणना गरी अभिवृत्तिको समानता पत्ता लगाइएको छ ।

पाठ्यक्रम तथा मूल्याङ्कन विषयको अभिवृत्ति र स्तरीय भिन्नता समग्र एकाइको अभिवृत्ति र स्तरीय भिन्नताको आधारमा गणना गरी यस अध्ययनको सैद्धान्तिक आधार र अभिवृत्तिसम्बन्धी पूर्वअध्ययनका निष्कर्षलाई तुलना गरी व्याख्या गरीएको छ । अन्तर्वार्ताबाट प्राप्त तथ्यहरूलाई परिमाणात्मक रूपमा प्राप्त नतीजा, पूर्व अध्ययनबाट प्राप्त निष्कर्ष र विषयगत सिद्धान्तसँग सम्बन्धित सिद्धान्तसँग तुलना गरी छलफल गरीएको छ । छलफलको आधारमा निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक आधार

प्रस्तुत लेखमा अभिवृत्ति (रुचि) सँग सम्बन्धित, निर्माणवादी सिकाइ सिद्धान्त, अन्तरदृष्टि सिकाइ सिद्धान्त, x,y सिद्धान्तलाई मुख्य आधार बनइएको छ । निर्माणवादी सिकाइ सिद्धान्तअनुसार सिक्नका लागि विद्यार्थी सक्रिय हुनु पर्दछ । सिकारुले आफ्नो वरपरको वातावरणसँग अन्तरक्रिया गरेर ज्ञानको निर्माण गर्छ। पुनःनिर्माणवादी जिन पियाजे (सन् १८९६–१९८०) का अनुसार सिकारुले आफ्नो अनुभवहरूलाई एकीकृत गर्दछन । नयाँ परिवेशमा समायोजन गरेर सिक्दछन । व्यक्ति आफै सक्रिय, क्रियाशील भएर सिक्नको लागि वातावरण निर्माण गरेर सिक्दछ । निर्माणवादी सिद्धान्तसँग अनुसार पाठ्यक्रम निर्माण गर्दा बालबालिकाको स्तर, सांस्कृतिक पृष्ठभूमि, वातावरण, सज्ञानात्मक चरण जस्ता पक्षलाई ख्याल गर्नुपर्दछ ।

अन्तर्दृष्टि सिकाई सिद्धान्त, कोहलर (१८८७-१९६७) का अनुसार सिकाइमा वुझाइ, अन्तर्दृष्टि र प्रत्यक्षीकरणको महत्वपूर्ण भूमिका रहन्छ । पाठ्यक्रम निर्माण गर्दा व्यक्तिगत विविधतामा ध्यान दिदै पाठ्यक्रममा विधिवत पक्षलाई समावेश गर्नुपर्दछ । पाठ्यक्रमले सिकारुको उत्प्रेरणा लक्ष्य, पूर्वअनुभव जस्ता पक्षलाई समेट्नु पर्दछ । अन्तरदृष्टिबाट आएका विचार, तर्क हुन जसले समस्या प्रत्यक्षीकरण गर्ने आधार हुन त्यसैले सिकाइले प्रत्यक्षीकरणको स्वरूपलाई वुझाउँछ । अन्तर्दृष्टि सिकाइ सिद्धान्तअनुसार पाठ्यक्रमका विषयवस्तु सङ्गठन गर्दा पूर्णबाट अंशतिर जानु पर्दछ । पाठ्यक्रममा प्राप्त गर्न खोजिएका उद्देश्यलाई स्पष्ट उल्लेख गर्दै उत्प्रेरित गर्ने ठोस सामग्रीको प्रयोग गर्नुपर्दछ ।

डौगलस मकग्रेसोर (१९०६-१९६४) को x,y सिद्धान्त अनुसार कामदारहरू दुई प्रकृतिका हुने गर्दछन् । x सिद्धान्तअनुसार व्यक्तिहरू नकारात्मक प्रवृतिका हुने गर्दछन्, जसले हरेक विषयवस्तुलाई नकारात्मक कोणबाट हेर्दछन् । विद्यार्थीमा पनि यस किसिमको प्रवृत्ति हुने गर्दछ । जसले विषयवस्तुलाई नकारात्मकरूपमा लिने गर्दछन । विद्यार्थीमा पनि यो प्रवृत्ति हुने गर्दछ । जो विद्यार्थी सकारात्मक प्रवृतिका छन् । उनीहरू शिक्षक, शिक्षण क्रियाकलाप, विषयवस्तुप्रति सकारात्मक हुने गर्दछन् । सिकाइका यिनै सिद्धान्त लाई नै यस लेखमा सैद्धान्तिक आधारका रूपमा लिई सोहि आधारमा लेख समीक्षात्मक बिश्लेषण गरिएको छ ।

## नतिजाको प्रस्तुति

विद्यार्थीको पाठ्यक्रम तथा मूल्याङ्कन विषयप्रतिको अभिवृत्ति पत्ता लगाउन यहाँ एकाइ र समग्र विषयवस्तुको औसत अभिवृत्ति, स्तरीय भिन्नता, गणना गरी तथ्याङ्कशास्त्रीय र गुणात्मक विधिका आधारमा विश्लेषण गरीएको छ ।

### *पाठ्यक्रमको अवधारणाप्रतिको अभिवृत्ति*

पाठ्यक्रम शैक्षिक उद्देश्य पूरा गर्नका लागि विद्यालयभित्र  तथा बाहिर सञ्चालन गरीने सम्पूर्ण क्रियाकलापको योजना हो । पाठ्यक्रममा विषयवस्तु छनोट गर्दा विद्यार्थीको उमेर, रुचि, आवश्यकताजस्ता पक्षहरूलाई समावेश गर्नुपर्दछ । विषयवस्तुप्रतिको रुचि बढी भएमा उक्त विषयवस्तु सिक्नका लागि विद्यार्थीहरू उत्प्रेरित हुन्छन । सिकाइ सक्रिय हुन्छ । पाठ्यक्रमको अवधारणासम्बन्धी विद्यार्थीबाट प्राप्त सूचनाको आधारमा विद्यार्थीको औसत अभिवृत्ति ४ छ जुन अभिवृत्ति सकारात्मक रहेको छ । एकाइ एकको स्तरीय भिन्नता ०.५२८ रहेको छ । पाठ्यक्रमको अवधारणा किन ठिक लागेको छ भन्ने जिज्ञासामा एकजना छात्र रविन को भनाइ यस्तो रहेको छ : "शैक्षिक क्रियाकलाप सञ्चालन गरीने पाठ्यक्रमले शिक्षाको मूल आधार हो । यसले शिक्षक विद्यार्थी, प्रशासक सबैलाई निर्देशन गर्दछ । पाठ्यक्रमको उद्देश्य विषयवस्तु, सिकाइ अनुभव र मूल्याङ्कनजस्ता सम्पूर्ण पक्षका बारेमा उल्लेख गरीने हुनाले पाठ्यक्रमको धारणा बारेमा जानकारी महत्वपूर्ण हुन्छ ।" प्रस्तुत तथ्याङ्कको विश्लेषण गर्दा यस विषयवस्तुप्रति विद्यार्थीको सकारात्मक अभिवृत्ति रहेको पाइन्छ ।

### *पाठ्यक्रममा प्रभाव पार्ने स्रोतहरू प्रतिको अभिवृत्ति*

पाठ्यक्रम निर्माण गर्दा धेरै क्षेत्रसँग समन्वय गर्नुपर्दछ । पाठ्यक्रमले सबै क्षेत्रलाई राम्रोसँग समेट्न सकेन भने त्यस्तो पाठ्यक्रम राम्रो हुँदैन । पाठ्यक्रम निर्माण गर्दा कुन कुन क्षेत्रलाई समेट्नु पर्दछ भन्नेमा टेलरले सिकारु समकालीन समाज, विषय विज्ञ, दर्शन, सिकाइ सिद्धान्तलाई जोड दिएका छन भने टावाले सिकारु, संस्कृति, समाज र विषयवस्तुलाई जोड दिएका छन । त्यस्तै प्रिन्टले सिकारुका अनुभव दर्शनजस्ता पक्षलाई आधार मान्नुपर्ने उल्लेख गरेका छन् । सबैले सिकारुलाई महत्व दिएको पाइन्छ । पाठ्यक्रममा प्रभाव पार्ने स्रोतहरूमा विद्यार्थीबाट प्राप्त सूचनाको आधारमा गणना गर्दा औसत ३.८३ जुन सकारात्मक देखिन्छ । विद्यार्थीको अभिवृत्ति समानता हेर्नका लागि स्तरीय भिन्नता गणना गरीएको छ । विद्यार्थी अभिवृत्तिको स्तरीय भिन्नता गणना गर्दा ०.५३ रहेको छ । यस एकाइको बारेमा छात्र सङ्गम नेपाली (नाम परिवर्तन) को भनाइ यस्तो रहेको छ : "पाठ्यक्रम निर्माणमा प्रभाव पार्ने तत्वहरूका बारेमा जानकारी नभएसम्म प्रभावकारी पाठ्यक्रम निर्माण गर्न नसकिने भएकाले यस एकाइमा राखिएका विषयवस्तु उपयुक्त लागेको छ ।" प्रस्तुत तथ्याङ्कको विश्लेषण गर्दा एकाइ दुईप्रति विद्यार्थीको सकारात्मक अभिवृत्ति रहेको छ भने अभिवृत्तिमा पनि समानता रहेको निचोड निकाल्न सकिन्छ ।

### *पाठ्यक्रम र विकासप्रतिको अभिवृत्ति*

पाठ्यक्रम निरन्तर परिवर्तन भइरहने प्रक्रिया हो । समय, समाजको आवश्यकता ज्ञानको प्रकृति, वदलिदो चाहना, नयाँ नयाँ प्रविधि, सिकारुको रुचि, आवश्यकतामा आउने परिवर्तनलाई सम्बोधन गर्नका लागि पाठ्यक्रम नियमित रूपमा परिवर्तन गर्नुपर्दछ । त्यसैले पाठ्यक्रम विकासलाई परिवर्तनको सिद्धान्तका

रूपमा लिने गरीन्छ । पाठ्यक्रम विकासप्रति विद्यार्थीको अभिवृत्ति महत्वपूर्ण हुने गर्दछ । पाठ्यक्रम र विकाससम्बन्धी विद्यार्थीबाट प्राप्त सूचनाको आधारमा गणना गरीएको औसत अभिवृत्ति ४.१२ आएको छ जुन सकरात्मक छ । एकाइ एकको स्तरीय भिन्नता ०.५४ रहेको छ । विद्यार्थी यस एकाइको विषयवस्तुप्रति सकारात्मक रहेका छन् । यस एकाइमा विद्यार्थीको प्रतिक्रिया लिदा एकजना छात्रा रविनाको प्रतिक्रिया यस्तो छ : "पाठ्यक्रम विकासमा समावेश भएका विषयवस्तु उपयुक्त भएको यस एकाइका विषयवस्तु सबै ठिक रहेको सुधार गर्नुपर्ने देखिँदैन भन्ने प्रतिक्रिया रहेको छ ।" माथि प्रस्तुत तथ्याङ्कको विश्लेषण गर्दा विषयवस्तुप्रति विद्यार्थीको सकारात्मक अभिवृत्ति रहेको पाइएको छ ।

### *वर्तमान माध्यामिक स्कुल तहको नेपालको पाठ्यक्रमप्रतिको अभिवृत्ति*

मा.वि तहको पाठ्यक्रम तत्कालीन रूपमा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३ र विद्यालय क्षेत्र सुधार कार्यक्रमले पाठ्यक्रम सुधार गरेको पाइन्छ । सुधार गरीएको पाठ्ययक्रमप्रति विद्यार्थीको अभिवृत्ति पत्ता लगाउन यस एकाइमा विषयवस्तुप्रति विद्यार्थीको धारणा (अभिवृत्ति) मापनका लागि तीनवटा प्रश्न सोधिएको छ । वर्तमान माध्यामिक स्कुल तहको नेपालको पाठ्यक्रमसम्बन्धी विद्यार्थीबाट प्राप्त सूचनाको आधारमा गणना गरीएको औसत अभिवृत्ति गणना गर्दा ४.१ रहेको छ, जुन सकारात्मक अभिवृत्ति हो । त्यस्तै स्तरीय भिन्नता गणना गर्दा ०.४ रहेको छ । जसलाई अभिवृत्तिमा रहेको समानता मान्न सकिन्छ । यस एकाइको बारेमा विद्यार्थीसँग जिज्ञासा राख्दा छात्र रविनको प्रतिक्रिया यस्तो रहेको छ "वर्तमान माध्यमिक स्कुल तहको नेपालको पाठ्यक्रमसम्बन्धी विषयवस्तुको बारेमा स्नातक तहको पाठ्यक्रम राखिनु राम्रो भएको" प्रतिक्रिया दिए । तथ्याङ्कको विश्लेषण गर्दा यस एकाइप्रति विद्यार्थीको प्रतिक्रिया सकारात्मक भएको निकष्कर्ष निकाल्न सकिन्छ ।

### *स्थानीय पाठ्यक्रमप्रतिको अभिवृत्ति*

स्थानीय आवश्यकतालाई समावेश गरी निर्माण गरीने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ । स्थानीय निर्देशिका २०६४ अनुसार स्थानीय स्तरमा स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय आवश्यकताबमोजिम स्थानीय विषयवस्तुहरूलाई समावेश गरी निर्माण गरीने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रम सम्बन्धी विद्यार्थीबाट प्राप्त सूचनाको आधारमा गणना गरीएको औसत अभिवृत्ति ०.४रहेको छ । यसको आधारमा विद्यार्थीले स्थानीय पाठ्यक्रमप्रति व्यक्त गरेको अभिवृत्ति समान रहेको छ । स्थानीय पाठ्यक्रम सम्बन्धमा छात्रको प्रतिक्रिया यस्तो रहेको छ : "हाल विद्यालय तहमा स्थानीय पाठ्यक्रम निर्माण गरीने व्यवस्था रहेको छ । यसले स्थानीय पाठ्यक्रमको महत्वलाई उल्लेख गर्दै स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियाका बारेमा जानकारी गराएको यसले स्थानीय पाठ्यक्रम निर्माणमा सहयोग गर्ने हुनाले यो विषयवस्तु राखिनु महत्वपूर्ण रहेको छ ।" प्रस्तुत तथ्याङ्कको विश्लेषण गर्दा स्थानीय पाठयक्रम विषयवस्तुप्रति विद्यार्थीको सकारात्मक अभिवृत्ति छ भने अभिवृत्तिमा समानता पनि रहेको छ ।

### *मापन र आँकलनप्रतिको अभिवृत्ति*

कुनै विषयवस्तु वा घटनालाई निश्चित नियमको आधारमा अङ्क प्रदान गर्ने प्रक्रियालाई मापन भनिन्छ । प्रिन्टका अनुसार विद्यार्थीहरूको दक्षता सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने प्रक्रियालाई नै मापन भनिन्छ । त्यस्तै आंकलन भनेको विषयवस्तु शिक्षणपश्चात् निश्चित समयमा विद्यार्थीले प्राप्त गरेको प्रगतिको अवस्थालाई आंकलन भनिन्छ । प्रिन्टका अनुसार अपेक्षा गरीएको उपलब्धि प्राप्त भए नभएको जानकारी लिन मापनका तथ्याङ्कहरूको व्याख्या गर्नु नै आँकलन हो । मापनद्धारा अङ्कन गरीएका तथ्याङ्कहरूलाई अर्थपूर्ण ढंगले व्याख्या गर्नु नै आंकलन हो । मापन र आँकलन विषयवस्तुमा विद्यार्थीबाट प्राप्त सूचनाका आधारमा गणना गरीएको औसत ३.७५ प्राप्त भएको छ । जुन प्रतिक्रियालाई विश्लेषण गर्दा औसत ३ भन्दा बढी रहेकोले यसलाई सकारात्मक अभिवृत्ति मानिन्छ । स्तरीय भिन्नता ०.७ छ, यसको आधारमा विद्यार्थीले प्रस्तुत गरेका अभिवृत्तिमा समानता रहेको देखिन्छ । यस एकाइका बारेमा छात्र अन्जुको धारणा यस्तो रहेको छ :

> पाठ्यक्रमका तत्वहरूमध्ये मापन र मूल्याङ्कन महत्वपूर्ण तत्व रहेको हुन्छ । पाठ्यक्रम कार्यान्वयन भई सकेपछि कार्यक्रमको प्रभावकारिताका लागि शिक्षण विधि, शैक्षिक सामग्री, विद्यार्थीको उपलब्धिको मापन तथा मूल्याङ्कन गर्नुपर्दछ । यस एकाइमा राखिएका विषयवस्तुले मापन तथा मूल्याङ्कन गर्न सहयोग गर्ने खालका भएको हुनाले यहाँ समावेश भएका विषयवस्तु उपयुक्त लागेको छ । मापन र मूल्याङ्कनले यस विषयका सवल र दुर्वल पक्षका बारेमा जानकारी दिई सुधारको लागि पृष्ठपोषण प्रदान गर्न सहयोग गर्दछ ।

माथि उल्लेखित तथ्याङ्कको विश्लेषणका आधारमा मापन र आँकलन विषयवस्तुप्रति विद्यार्थीको सकारात्मक धारणा रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

### *असल परीक्षणका विशेषताहरूप्रतिको अभिवृत्ति*

कुनै पनि विषय क्षेत्रमा विद्यार्थीहरूले प्राप्त गरेका ज्ञान, सिप र अभिवृत्तिको लेखाजोखा गरी उनीहरूको वास्तविक अवस्था पत्ता लगाउन परीक्षण गरीन्छ । परीक्षणका साधनहरूमा हुनुपर्ने गुणहरू भएको परीक्षणलाई असल परीक्षण मानिन्छ । असल परीक्षणका विशेषता सम्बन्धमा विद्यार्थीबाट प्राप्त सूचनाको आधारमा गणना गरीएको औसत ४.०२३ जुन पूर्ण सकारात्मक रहेको छ । यसका आधारमा विद्यार्थी असल परीक्षणका विशेषताहरूप्रति सकारात्मक रहेका छन् । खुला प्रश्नावलीवाट विद्यार्थीको प्रतिक्रिया लिँदा पनि यस विषयप्रति विद्यार्थीले सकारात्मक धारणा व्यक्त गरेको पाइन्छ । स्तरीय भिन्नता गणना गर्दा ०.४१९ रहेको छ । यसको अर्थ यसमा विद्यार्थीले दिएको प्रतिक्रियाका बिचमा उच्च समानता रहेको छ ।

परीक्षणले मूल्याङ्कनलाई आधार प्रदान गर्दछ । मूल्याङ्कनको लागि परीक्षण आवश्यक पर्दछ । कुनै पनि विषय क्षेत्रमा विद्यार्थीहरूले प्राप्त गरेका ज्ञान र सिपको लेखाजोखा गरी उनीहरूका वास्तविक स्थिति पत्ता लगाउन असल परीक्षणको आवश्यकता पर्दछ । शिक्षाका विद्यार्थीका लागि असल परीक्षणका बारेमा जानकारी हुनु आवश्यक छ । यसले शिक्षक बन्ने व्यक्तिलाई असल परीक्षण निर्माणमा सहयोग गर्ने हुनाले महत्वपूर्ण लागेको छ भन्ने प्रतिक्रिया विद्यार्थीले दिएका छन् ।

### *शिक्षक निर्मित परीक्षणप्रतिको अभिवृत्ति*

शिक्षक निर्मित परीक्षणसम्बन्धी विद्यार्थीबाट प्राप्त सूचनाका आधारमा गणना गरीएको औसत ३.९१४ रहेको छ । औसतको आधारमा विद्यार्थीको अभिवृत्ति सकारात्मक रहेको छ । अन्तर्वार्तामा पनि विद्यार्थीले सकारात्मक अभिवृत्ति दिएका छन् । यस एकाइमा विद्यार्थीले दिएको धारणाको बिचमा सम्बन्ध गणना गर्दा ०.४५ रहेको छ । विद्यार्थीले दिएको धारणाका बिचमा समानता रहेको छ ।

### *प्रश्नको आवद्धता सञ्चालन अङ्कन र विश्लेषणप्रतिको अभिवृत्ति*

प्रश्नको निर्माणपछि परीक्षा सञ्चालन अङ्कन र प्राप्ताङ्कको व्याख्या एवं विश्लेषण गर्नु पर्दछ । प्रश्नको निर्माण पछि उपयुक्त वातावरणमा परीक्षा सञ्चालन गर्नुपर्दछ । परीक्षाको वातावरण विद्यार्थीले आफ्नो क्षमता स्वस्फूर्तरूपमा प्रदर्शन गर्न पाउने हुनुपर्दछ । अङ्कनका लागि उत्तर कुञ्जिका निर्माण गर्नुपर्दछ । नतिजा विश्लेषणका लागि निश्चित आधार लिनुपर्दछ जसले परीक्षण कार्यलाई राम्रोसँग सम्पन्न गर्दछ । प्रश्नको आवद्धता सञ्चालन, अङ्कन र विश्लेषणसम्बन्धी विद्यार्थीबाट प्राप्त सूचनाको आधारमा गणना गरीएको औसत ४.१४ सकारात्मक रहेको छ । यसै एकाइप्रति विद्यार्थी अभिवृत्ति मापन गर्न खुला प्रश्न पनि गरीएको छ । खुला प्रश्नावलीमा पनि विद्यार्थीले सकारात्मक अभिवृत्ति प्रस्तुत गरेका छन । विद्यार्थीले दिएको अभिवृत्तिमा स्तरीय भिन्नता हेर्दा ०.४५ रहेको छ । विद्यार्थीले व्यक्त गरेको प्रतिक्रियामा समानता देखिन्छ । यस एकाइसँग सम्बन्धित जिज्ञासामा छात्रा सरिताको भनाइ यस्तो रहेको छ : "परीक्षणअन्तर्गत पर्ने परीक्षाको आवद्धता, सञ्चालन अङ्कन र विश्लेषण, शिक्षक बन्ने एव शैक्षिक प्रशासन्मा काम गर्ने व्यक्तिको लागि महत्वपूर्ण रहन्छ । यसले परीक्षणको विश्वसनीयता, वैधता कायम गरी स्तरीय परीक्षणमा सहयोग गर्ने हुनाले यो एकाइ महत्वपूर्ण लागेको छ ।" तथ्याङ्कको विश्लेषणका आधारमा विद्यार्थी यस एकाइप्रति सकारात्मक छन । उनीहरूले व्यक्त गरेको धारणामा समानता रहेको छ ।

***परीक्षणबाहेक मूल्याङ्कनका अन्य साधनहरूप्रतिको अभिवृत्ति***

पाठ्यक्रमको प्रमुख उद्देश्य शिक्षाको माध्यमबाट व्यक्तिको चौतर्फी विकास गर्नुरहेको हुन्छ । शिक्षाको उद्देश्य व्यक्तिको व्यवहारमा सकारात्मक परिवर्तन ल्याउनु हो । विद्यार्थीहरूको हरेक क्षेत्रको प्रगति अवस्था पत्ता लगाउनको लागि मूल्याङ्कनका अन्य साधनहरू प्रयोग गर्नुपर्दछ । यस्ता साधनहरू औपचारिक, अनौपचारिक, नियमित, अनियमित निरन्तर रूपमा संचालन गर्न सकिन्छ । परीक्षण बाहेक मूल्याङ्कनका अन्य साधनहरूमा विद्यार्थीबाट प्राप्त सूचनाका आधारमा गणना गरीएको औसत ३.९३ रहेको छ । जुन सकारात्मक देखिन्छ । खुला प्रश्नावलीको आधारमा कस्तो धारणा राख्दछन भनी हेरिएको छ । स्तरीय भिन्नता गणना गर्दा ०.३६ रहेको छ । विद्यार्थीले व्यक्त गरेका धारणा समान छ । यस एकाइमा समावेश गरीएको विषयवस्तुका बारेमा बिद्यार्थी सग जिज्ञासा राख्दा एकजना छात्र रमेश को भनाई यस्तो रहेको छ :

> हामीले लिखित परीक्षालाई मात्र मूल्याङ्कन भन्ने गरेका थियौं । परीक्षाबाहेकका मूल्याङ्कनका अन्य साधनहरूको बारेमा याद गरीएको थिएन । लिखित परीक्षा त एउटा साधन मात्र रहेछ । मूल्याङ्कनका अन्य साधनहरू पढे पछि वास्तवमा मूल्याङ्कनमा अन्य साधनहरू महत्वपूर्ण रहेछन् भन्ने लाग्यो । वास्तविक सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने हो भने यी साधनहरूको प्रयोग गर्नुपर्दछ ।

उपरोक्त तथ्याङ्को विश्लेषण गर्दा एकाइ दशको विषयवस्तुप्रति विद्यार्थीको सकारात्मक धारणा रहेको छ । विद्यार्थीले प्रस्तुत गरेका धारणामा समानता रहेको पाइन्छ ।

***नेपालको विद्यालय तहको वर्तमान मूल्याङ्कन पद्धतिप्रतिको अभिवृत्ति***

मूल्याङ्कनले पाठ्यक्रमले अपेक्षा गरेका उपलब्धिहरू के कति प्राप्त भए लेखाजोखा गरी उपलब्धिका क्रममा भएका कमीकमजोरीमा र असल पक्षलाई थप सुधार गरी अगाडि बढ्नका लागि सहयोग गर्दछ । राष्ट्रिय पाठ्यक्रम २०७६ का अनुसार तथ्याङ्क सङ्कलन गर्ने, व्याख्या गर्ने, अभिलेखीकरण गर्ने, विश्लेषण गर्ने, सूचनाहरूको प्रयोग गर्ने र पुन योजना गर्ने कार्यलाई विद्यार्थी मूल्याङ्कन भनिन्छ । नेपालको विद्यालय तहको वर्तमान मूल्याङ्कन पद्धतिमा विद्यार्थीबाट प्राप्त सूचनाका आधारमा गणना गरीएको औसत ३.८४ सकारात्मक रहेको पाइयो । विद्यार्थीले अभिव्यक्त गरेका धारणामा स्तरीय भिन्नता गणना गर्दा स्तरीय भिन्नता ०.५६ रहेको देखिन्छ । औसत र स्तरीय भिन्नताको अनुपात ६.९ रहेको छ । यसबाट के पुष्टि हुन्छ भने विद्यार्थीले प्रस्तुत गरेका धारणामा एकरूपता रहेको छ । यस बारेमा जिज्ञासा राख्दा छात्र भुवनको भनाई यस्तो रहेको छ :

> यहाँ समावेश गरीएको सबै विषयवस्तु राम्रो लागेको छ । नेपालको विद्यालय तहमा वर्तमान मूल्याङ्कन पद्धतिकोबारेमा स्नातक तहको पाठ्यक्रम समावेश गरीनु राम्रो लागेको । यहाँ मूल्याङ्कनको बारेमा अध्ययन गरी सकेपछि हाम्रो देशको विद्यालय तहको वर्तमान मूल्याङ्कन प्रक्रियाका बारेमा जानकारी हुनु आवश्यक छ त्यसकारण यो विषयवस्तु राम्रो लागेको छ ।

प्रस्तुत तथ्याङ्कको विश्लेषण गर्दा यस एकाइप्रति विद्यार्थीको धारणा सकारात्मक र समानता रहेको पाइएको छ ।

**छलफल**

एकाइगत रूपमा प्रस्तुत गरीएको अभिवृत्तिलाई यहाँ समष्टिगतरूपमा प्रस्तुत गरीएको छ । जसलाई पाठ्यक्रम तथा मूल्याङ्कन विषयको अभिवृत्तिको रूपमा लिइएको छ । यस विषयको स्तरीय भिन्नता र अनुपात सम्पूर्ण विषयको अभिवृत्ति र स्तरीय भिन्नता गर्दा ३.९६ देखिन्छ, जुन सकारात्मक अभिवृत्ति रहेको छ । स्तरीय भिन्नता ०.१२६ देखिन्छ, जसको आधारमा एकाइगत अभिवृत्तिमा उच्च समानता रहेको छ । रिडा (सन् २०१०) ले गरेको अनुसन्धान गणित शिक्षणमा कम्प्युटरको प्रयोगले सिकाइप्रति विद्यार्थीको सकारात्मक अभिवृत्ति रहेको, एकेसि (सन् २००६) ले गरेको अनुसन्धानले आधुनिक सिकाइप्रति विद्यार्थीको सकारात्मक अभिवृत्ति रहेको देखाएका छ । स्टफन र सिमोस (सन् २०१०) ले विद्यार्थीलाई विषयवस्तुप्रति उत्प्रेरित गरेपछि कठिन विषयवस्तुमा पनि सकारात्मक अभिवृत्ति प्रकट गरेको निष्कर्ष निकालेको छ । पूर्वअध्ययनले नयाँ प्रविधिको प्रयोग, आधुनिक साधनको प्रयोगले विद्यार्थीमा सकारात्मक अभिवृत्ति देखिएको

छन् । यस अध्ययनमा पनि पाठ्यक्रम तथा मूल्याङ्कन विषय आगामी दिनमा आफ्नो कार्य क्षेत्रमा सहयोग गर्ने भएकाले विषयवस्तुप्रति सकारात्मक रहेको पाइन्छ ।

कोहलर (१८८७-१९६७) को अन्तर्दृष्टि सिकाइ सिद्धान्तअनुसार पाठ्यक्रमका विषयवस्तु विद्यार्थीलाई उत्प्रेरित गर्ने हुनुपर्दछ । विषयवस्तुलाई विद्यार्थीले प्रत्यक्षीकरण गर्नुपर्दछ । विषयवस्तुको सङ्गठन पूर्णबाट अंशतिर हुनु पर्दछ । प्राप्त गर्न खोजिएका उद्देश्यलाई स्पष्ट उल्लेख गर्नुपर्दछ । यस अनुसन्धानमा विषयवस्तुप्रति विद्यार्थीको अभिवृत्ति सकारात्मक रहेको, विद्यार्थी विषयवस्तुप्रति उत्प्रेरित रहेको पाइन्छ । यस विषयमा समावेश गरीएको विषयवस्तु कोहलरको अन्तर्दृष्टि सिकाइ सिद्धान्तअनुसार मिल्दो रहेको पाइन्छ । पाठ्क्रम तथा मूल्याङ्कनमा समावेश गरीएका विषयवस्तु सकारात्मक रहेको शैक्षिक क्षेत्रमा लाग्ने व्यक्तिका लागि उपयोगी रहेको जिन पियाजे (१८९६-१९८०) को संरचनावादी सिद्धान्तअनुसार सिकारुले आफ्ना अनुभवहरूलाई एकीकृत गरेर नयाँ परिवेशमा सिक्ने खालका विषयवस्तु पाठ्यक्रममा समावेश गर्नु पर्दछ । सिक्नका लागि सिकारु उत्प्रेरित (सकरात्मक अभिवृत्ति) हुनु पर्दछ ।

कक्षामा शिक्षणमा सक्रिय निष्क्रिय दुवै प्रकारका विद्यार्थीहरू रहेका छन् । डौगलस मकग्रेसोर (१९०६-१९६४) को x,y सिद्धान्तअनुसार कामदारहरू दुई प्रकृतिका हुने गर्दछन् । x सिद्धान्त अनुसार व्यक्तिहरू नकारात्मक प्रवृतिका हुने गर्दछन् । जसले हरेक विषयवस्तुलाई नकारात्मक कोणबाट हेर्दछन् । विद्यार्थीमा पनि यस किसिमको प्रवृत्ति हुने गर्दछ  जसले विषयवस्तुलाई नकारात्मकरूपमा लिने गर्दछन । यस अध्ययनमा भने यस प्रवृत्तिका विद्यार्थी पाइएनन् । अर्को y सिद्धान्तअनुसार x को ठिक विपरीत सकारात्मक प्रवृत्तिका कामदार हुने गर्दछन्, जो हरेक पक्षलाई सकारात्मकरूपमा लिने गर्दछन् । आफ्नो लक्ष्यमा पुग्नको लागि काम गरीरहेका हुन्छन् । विद्यार्थीमा पनि यो प्रवृत्ति हुने गर्दछ । जो विद्यार्थी सकारात्मक प्रवृत्तिका छन् उनीहरू शिक्षक, शिक्षण क्रियाकलाप, विषयवस्तुप्रति सकारात्मक हुने गर्दछन् । यस अध्ययनमा विद्यार्थीको अभिवृत्ति y सिद्धान्तसँग मिल्दो पाइयो । पाठ्यक्रमले राखेका विषयवस्तुप्रति विद्यार्थी सकारात्मक रहेका छन् । अभिवृत्ति सकारात्मक रहेपनि कक्षा क्रियाकलापमा  सहभागिता र उपस्थिति कम देखिन्छ ।

प्रस्तुत छलफलको आधारमा पाठ्यक्रम तथा मूल्याङ्कन विषयमा समावेश विषयवस्तुप्रति विद्यार्थीको सकारात्मक अभिवृत्ति रहेको, विद्यार्थीको अभिवृत्तिमा पनि समानता  रहेको  देखिन्छ । पूर्वअध्ययनसँग तुलना गर्दा विद्यार्थी विषयवस्तुमा सकारात्मक भएमा उपलब्धि  सकारात्मक हुने देखिन्छ । पाठ्यक्रम विकास सिद्धान्तअनुसार मिल्दो देखिन्छ । सिकाइ सिद्धान्तसँग तुलना गर्दा विषयवस्तु  सिकाइ सिद्धान्त अन्तर्दृष्टि सिकाइ सिद्धान्त, संरचनात्मक  सिद्धान्त, सम्बन्ध प्रत्यावर्तन सिकाइ सिद्धान्तसँग मेल खाएको देखिन्छ । y  सिद्धान्तअनुसार  मिल्दो देखिन्छ ।  विषयवस्तुप्रति विद्यार्थीको सकारात्मक अभिवृत्ति, पाठ्यक्रम सिद्धान्त, सिकाइ सिद्धान्त, व्यवस्थापन सिद्धान्त, पूर्व अध्ययनका निष्कर्षसँग सम्बन्धित गर्दा यस विषयमा विद्यार्थीको उपलब्धि राम्रो हुने देखिन्छ ।

**निष्कर्ष**

यस अध्ययनको प्राप्ति र छलफलबाट प्राप्त निष्कर्षलाई यहाँ प्रस्तुत गरीएको छ । यस अध्ययनमा प्राप्तिको छलफल पाठ्यक्रम तथा मूल्याङ्कन विषयका जम्मा एघारवटा एकाइलाई छुट्टाछुट्टै रूपमा छलफल गरीएको छ । छलफलमा प्रत्येक एकाइअनुसार औसत, स्तरीय भिन्नता र अनुपात गणना गरीएको छ ।  तथ्याङ्कशास्त्रीय विधि र गुणात्मक विधि दुवैबाट प्राप्त नतिजाको आधारमा निष्कर्ष निकालिएको छ । तथ्याङ्कलाई तथ्याङ्कशास्त्रीय विधिको औसतको आधारमा विश्लेषण गर्दा सबै एकाइमा  समान किसिमको सकारात्मक अभिवृत्ति रहेको छ । पाँचवटा एकाइमा औसत चार अङ्क र त्योभन्दा माथि रहेको छ भने बाँकी छ वटा एकाइमा पनि औसत ४ को नजिक रहेको छ । औसतको आधारमा सबै एकाइमा अभिवृत्ति सकारात्मक छ । समग्र एकाइको औसत सकारात्मक चारको नजिक रहेको देखिन्छ । औसतका आधारमा एकाइगत भिन्नताको आधारमा विश्लेषण गर्दा सबैमा स्तरीय भिन्नता कम छ । विद्यार्थीको एकाइप्रतिको अभिवृत्तिमा समानता रहेको छ । औसत  र स्तरीय भिन्नताका आधारमा विश्लेषण गर्दा पनि विद्यार्थीको अभिवृत्तिमा समानता देखिन्छ । यसरी पाठ्यक्रम तथा मूल्याङ्कन विषयप्रति विद्यार्थीको अभिवृत्ति

तथ्याङ्कशास्त्रीय विधिअन्तर्गत औसत स्तरीय भिन्नता, औसत र स्तरीय भिन्नताको अनुपात, गुणात्मक तथ्याङ्क सबै आधारमा विश्लेषण गर्दा विद्यार्थीको विषयप्रति सकारात्मक र समान धारणा रहेको छ ।

समग्र पाठ्यक्रम तथा मूल्याङ्कन विषयवस्तुप्रति विद्यार्थीको सकारात्मक अभिवृत्ति देखिन्छ स्तरीय भिन्नतामा पनि कम देखिन्छ । सूचना सङ्कलनको क्रममा विद्यार्थीसँग पुग्दा, आफ्नो धारणा दिनलाई अधिकांश विद्यार्थी सक्रिय देखिएनन् । पाठ्यक्रम तथा मूल्याङ्कन विषय कक्षा शिक्षण गर्दा पनि विद्यार्थीको उपस्थिति र कक्षामा अन्तर्क्रिया कम रहेको थियो । यस अनुसन्धानमा विषयवस्तुप्रति सकारात्म्क अभिवृति देखिए पनि पाठ्यक्रम तथा विद्यार्थीको उपलब्धि, कक्षा क्रियाकलापमा विद्यार्थी सक्रियता, पाठ्यक्रम तथा मूल्याङ्कन विषयप्रति विद्यार्थीको थप अनुसन्धान गर्नुपर्ने देखिन्छ । कक्षा शिक्षणमा विद्यार्थीको सहभागिता संख्यात्मकरूपमा कम देखिन्छ भने कक्षा क्रियाकलापमा पनि सक्रियता कम देखिन्छ । यसमा छात्रछात्राको अभिवृत्ति अध्ययन एकै पटक गरीएको छ । आगामी दिनमा छात्र छात्राको छुट्टाछुट्टै तथ्याङ्क सङ्कलन गरी छात्र र छात्राको अभिवृत्तिमा सार्थक भिन्नता गणना गरी विषयवस्तुप्रति लैङ्गिक अध्ययन गर्नुपर्ने देखिएको छ ।

**स्वार्थको द्वन्द्व**

*यो लेखकसंग कुनै प्रकारको स्वार्थको द्वन्द्व छैन ।*

**कृतज्ञता ज्ञापन**

*यो लेख पृथ्वीनारायण क्याम्पस, अनुसन्धान तथा आबिष्कार केन्द्रद्वारा प्रदान गरिएको लघु अनुसन्धान अनुदान–२०२२ प्राप्त गरि अनुसन्धान प्रतिवेदनका आधारमा तयार पारिएको हो । यस अनुसन्धानको वातावरण निर्माण गरीदिनु हुने अनुसन्धान समितिको प्राज्ञिक व्यक्तित्वहरूप्रति आभार व्यक्त गर्छु । सूचना सङ्कलनका लागि सहयोग गर्ने शिक्षाशास्त्र सङ्काय विद्याथीलाई धन्यवाद दिन्छु । कम्प्युटर टाईपिङ देखि लिएर ढाँचा मिलाउने, भाषागत शुद्धतामा सहयोग गर्नुहुने, लेख पढेर सुझाव दिएर यसलाइ सुधार गर्न सहयो गर्नुहुने सम्पूर्णमा धन्यवादसँगै आभार प्रकट गर्दछु । अन्य मलाई यस अनुसन्धानमा प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्णमा कृतज्ञता ज्ञापन गर्दछु ।*

**सन्दर्भ सूची**

शिक्षा मन्त्रालय (२०२८), *राष्ट्रिय शिक्षा पद्धति योजना २०२८,* नेपाल सरकार, शिक्षा मन्त्रालय ।

शिक्षा मन्त्रालय (२०४९), *राष्ट्रिय शिक्षा आयोग २०४९,* नेपाल सरकार, शिक्षा मन्त्रालय ।

शिक्षा मन्त्रालय (२०६६) *विद्यालय सुधार योजना २०६६-२०७२,* शिक्षा मन्त्रालय, नेपाल सरकार ।

Akcay, H., Durmaz, A., Tuysuz, C., & Feyzioglu, B. (2006). Effects of computer based learning on atudents' attitudes and achievements towards analytical ahemistry. *Online Submission*, *5*(1), 1-12.

Arslan, A., & Staub, S. (2013). Theory X and theory Y type leadership behavior and its impact on organizational performance: Small business owners in the Şishane Lighting and Chandelier District. *Procedia-social and behavioral sciences*, *75*, 102-111.

Beauchamp, G. A. (1981). *Curriculum Theory*, Itasca, IL: Peacock, 1981.

Coaley, K. (2014). *An introduction to psychological assessment and psychometrics*. Sage.

Farooq, M. S., & Shah, S. Z. U. (2008). *Students' attitude towards mathematics*. Pakistan Economic and Social Review, 75-83.

Ghazvini, S. D., & Khajehpour, M. (2011). *Attitudes and motivation in learning English as second language in high school students*. Procedia-social and behavioral sciences, 15, 1209-1213.

Gosper, M., & Ifenthaler, D. (2014). *Curriculum models for the 21st century*. Springer.

Gregory, R. J. (2005). *Psychological testing: History, principles and applications*, (Fourth edition). Pearson education.

Information Resource Management Association (2015), *Curriculum design and classroom management.* An imprint IGI Global.

Kashima, A., Yamashita, T., Okamoto, A., Nagoshi, Y., Wada, Y., Tadai, T., & Fukui, K. (2003). Japanese version of the body attitude Test: Its reliability and validity. *Psychiatry and Clinical Neurosciences*, *57*(5), 511-516.

Lacap, M. P. (2015). The scientific attitudes of students major in science in the new teacher education curriculum. *Asia pacific journal of multidisciplinary research, 3(5), 7-15.*

Limon, Kattington. (2010), *Hand book of curriculum development Education is a competitive and global in world.* Services Nova science INC.

Nunally, J.C. (1970). *Introduction to psychology measurement*. Mcgraw hill book company.

Paudel, Pitamber (November 2019) University teachers' attitudes towards English language curriculum of M.Ed. semester system. *Journal of NELTA, 24*(1-2), 107-125.

Ponte, J. P., Matos, J. F., Guimarães, H. M., Leal, L. C., & Canavarro, A. P. (1994). Teachers' and students' views and attitudes towards a new mathematics curriculum: A case study. *Educational Studies in Mathematics*, *26*(4), 347-365.

Print, M. (1993), *Curriculum development and design*. Allen and Unwin SRM Production Services.

Reed, H. C., Drijvers, P., & Kirschner, P. A. (2010). Effects of attitudes and behaviours on learning mathematics with computer tools. *Computers & education*, *55*(1), 1-15.

Singha, A.K. (1998). *Test research and measurement and research methods in behavioural science*. Bharati Bhawan.

Shah, D. K., Jha, R. K., Sah, A. K., Sah, P., Poudel, K. P. P., & Dhungana, G. P. (2015). Students attitude and perception towards basic sciences in a medical School of Nepal: A Cross-sectional study. *Journal of Contemporary Medical Education*, *3*(4), 165-169.

Stefan, M., & Ciomos, F. (2010). The 8th and 9th grades students' attitude towards teaching and learning physics. *Acta Didactica Napocensia*, *3*(3), 7-14.

Taba, H. (1962) *Curriculum development: theory and practice.* Harcourt brace.

Tyler, R. W. (2013). Basic principles of curriculum and instruction. In *Curriculum Studies Reader E2* (pp. 60-68). Routledge.

Yavuz, S. (2005). Developing a technology attitude scale for pre-service chemistry teachers. *Turkish Online Journal of Educational Technology-TOJET*, *4*(1), 17-25.